नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर

## मालवस्तु लिलाम बिक्रीको सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सात (७) दिने सूचना

### सूचना नं. – ३

### प्रकाशित मिति : २०८१/०९/०२

यस विभागबाट विभिन्न मितिमा कब्जामा लिइएका तपसिलमा उल्लिखित मालवस्तुहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका इच्छुक फर्म तथा कम्पनीबाट निम्न शर्तको अधीनमा रही राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरू -

१. बोलपत्र सम्वन्धी कागजातहरू खरिद गर्न फर्म वा कम्पनीले निवेदन साथ नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.करमा दर्ता भएको दर्ता प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपि सहित रु. १०,००,०००।– (दश लाख) सम्मको रु. १,०००।– तथा रु. १०,००,०००।– (दश लाख) भन्दा माथिका लागि रु. २,०००।– फिर्ता नहुने गरी विभागको आर्थिक प्रशासन शाखाबाट रकम वुझाएको रसिद संलग्न गरी भण्डारफाँट बाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) औं दिनभित्र कार्यालय समयमा खरिद गर्न सकिने छ । अन्तशुल्क लाग्ने पदार्थको हकमा अन्तःशुल्क दर्ता प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ।

२. आफूले कवोल गरेको बोलपत्र सम्वन्धी कागजातहरू कम्पनी तथा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोप्राइटर आफैले वा निजको अख्तियारी दिएको आधिकारिक व्यक्तिले सहिछाप गरी सिलवन्दी खाम बाहिर श्री महानिर्देशक, राजस्व अनुसन्धान विभाग, हरिहरभवन र माथिपट्टी सूचना नं., सि. नं. उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिन दिनको १२.०० बजे भित्र यस विभागमा दर्ता गरी सक्नु पर्नेछ । तोकिएको दिन र समयभित्र दर्ता हुन आएका सवै बोलपत्रहरू सोही दिन दिनको २.०० बजे कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका वोलपत्रदाता आफै वा आधिकारिक प्रतिनिधिहरूको रोहवरमा यस विभागमा क्रमशः खोलिनेछ । वोलपत्रदाताको प्रतिनिधिको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन।

३. प्रत्येक सि.नं. को छुट्टाछुटै दरभाउपत्र/बोलपत्र पेश गर्नुपर्ने छ।

४. आफूले कवोल गरेको रकमको १० (दश) प्रतिशतले हुन आउने धरौटी वापतको रकम यस विभागको नेपाल बैंक लिमिटेड, गावहाल, ललितपुरमा रहेको धरौटी खाता नं. क२.३ धरौटी ०१८०१०००००२००३०००००१ मा कार्यालय कोड नं. ३०१०५३४०१ उल्लेख गरी जम्मा गरेको सक्कल भौचर नै वोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ । प्रत्येक बोलपत्रको लागि छुट्टाछुट्टै भौचर पेश गर्नु पर्नेछ।

५. आफूले कवोल गरेको मूल्य अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६. बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर समेत नियमानुसार लाग्ने सबै रकम बुझाई मालसामानहरु उठाई सक्नु पर्नेछ।

७. मालसामानहरुको भौतिक अवस्था हेर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिबाट कार्यालय समयभित्र हेर्न सकिनेछ । वोलपत्र सम्वन्धी कागजात खरिद गर्नेहरूले मात्र मालसामानहरू हेर्न सकिनेछ।

८. वोलपत्र सम्वन्धी कागजातहरु खरिद गर्ने, तथा दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु क्रमशः सोको भोलिपल्ट सोही समयमा हुनेछ।

९. यस सम्वन्धी अन्य कुराहरू बुझ्न चाहेमा यस विभागमा आई बुझ्न सकिने छ।

क्रमशः

Scanned with CamScanner

क्रमशः

१०. यस सम्वन्धी अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछ।

११. यस विभागको धरौटी खातामा रकम जम्मा गर्ने तर बोलपत्रसाथ धरौटी रसिद पेश नगर्ने तथा बोलपत्र नै पेश नगरी धरौटी माग गर्न आउने फर्महरूको धरौटी रकम फिर्ता गर्न विभाग बाध्य हुने छैन।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस विभागमा सुरक्षित रहनेछ।

**तपसिल**

## सात (७) दिने सूचना (प्रकाशित मिति :२०८१/०९/०२)

| सि.नं. | मालवस्तुको विवरण | न्यूनतम मूल्य रू. |
|---|---|---|
| १. | लेडिज कुर्ति/टप्स - १५१५ थान | ५,१८,१८०/- (पांच लाख अठार हजार एक सय असी मात्र) |
| २. | सुर्टिंग कपडा (सत्कार लेखेको)-१६३४ मि., कुर्ता सेट तयारी-३६७ सेट, रेन कपडा (क्रेप)-३७८६ मि., साडी (सिल्क)-४६० पिस, पर्स-१९४५ पिस, सुर्टिंग कपडा (इटालियन)-२१६मि., ड्रेस मेटेरियल -१६० मि., सुर्टिंग कपडा (मोन्टिनो )-६३२ मि., अन्यरेशा रेडिमेट पर्दा-९० पिस, Dell CPU -१२ पिस, सर्टिंग कपडा (मुरर्का)-७९मि. र भुसको बोरा (ठुलो)-१२ थान | १६,३९,९३७/- (सोह लाख उन्चालिस हजार नौ सय सैतिस मात्र) |
| ३. | Redmi Note 10 Pro, Poco, Redmi, Samsung M31, Oppo F21, Vivo, Oppo A78, Vivo Y56, Samsung A22, Redmi Note 12, Huawe, Redmi Note 7 र OPPO सबै १,१ थान गरी जम्मा १३ थान पुराना, प्रयोग भएका र कुनै एसेसरिज नभएका मोबाइलहरु । | ६१,४१६/- (एकसट्ठी हजार चार सय सोह मात्र) |
| ४. | आइफोन १३ - २ थान र आइफोन ११ - ६ थान गरी जम्मा ८ थान पुराना, प्रयोग भएका र कुनै एसेसरिज नभएका मोबाइलहरु । | १,१८,८००/- (एक लाख अठार हजार आठ सय मात्र) |
| ५. | Samsung Galaxy S23, One Plus 11R, One Plus 11R, One Plus 11R, One Plus 12R, One Plus 12R, One Plus no CE 3, Redmi note 13, Samsung A55, One Plus 12, Samsung Galaxy A23, Iphone 14 Pro max, I phone XR, Samsung Galaxy S24, OPPO F23, Samsung Galaxy S 24, VIVO V 23e, Samsung Galaxy A54, Samsung M14, VIVO Z7 Pro 56, POCO X4 Pro, I phone 14, OPPO A57, I Phone 13, VIVO V27, OPPO A58, Samsung Galaxy A525, I phone 12, Samsung S22 Ultra र Realmi GT2 सबै १,१ थान गरी जम्मा ३० थान पुराना, प्रयोग भएका र कुनै एसेसरिज नभएका मोबाइलहरु । | ५,२३,०५२/- (पांच लाख तेइस हजार बाउन्न मात्र) |

Scanned with CamScanner